नेपाल राष्ट्र बैंक
सामान्य सेवा विभाग

**पुराना सवारी साधनहरु लिलाम विक्री गर्ने सम्वन्धमा पून: शिलवन्दी बोलपत्र आव्हानको सूचना**

दोश्रो पटक प्रकाशित मिति: २०७१/१२/१६

यस बैंकका देहाय बमोजिमका सवारी साधनहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्ने सम्वन्धमा मिति २०७१/१०/१८ को गोरखापत्र दैनिकमा सूचना प्रकाशित गरिएकोमा तोकिएको म्यादभित्र कुनैपनि बोलपत्रहरु पेश हुन नआएकोले पुन: यो सूचना प्रकाशन गरी इच्छूक व्यक्ति वा फर्महरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सिलवन्दी बोलपत्र पेश गर्न आव्हान गरिएको छ ।

| लिलाम हुने मालसामानको विवरण | ब्राण्ड | स्पेशिफिकेशन/सवारी साधनको नम्वर | संख्या | न्यूनतम मुल्य |
|---|---|---|---|---|
| जिप्सी जीप | मारुति | बा २ च ८६७७ | १ | १,४०,४७५।०० |
| किया जीप | किया | बा ४ १४५९ | १ | ४,८७,५१४।०० |

(१) लिलाम सम्वन्धी शिलवन्दी बोलपत्र खुल्ने:
(क) स्थान: सामान्य सेवा विभाग, बालुवाटार
(ख) समय: ३:०० बजे
(ग) मिति: २०७२/०१/०२

(२) बोलपत्र साथ बोलपत्र जमानत वापत आफुले कबोल गरेको रकमको पाँच प्रतिशतले हुन आउने रकम यस बैंकको बैंकिंग कार्यालय थापाथलीमा रहेको खाता नं. ११०९९०१/०११/०००/५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश हुनु पर्नेछ ।

(३) लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापत जम्मा गरेको रकम जफत गर्न सकिनेछ ।

(४) बोलपत्र फाराम दस्तुर रु.१,५००।०० (रु एकहजार पांचसय मात्र) (पछि फिर्ता नहूने) बुझाई यस बैंकको सामान्य सेवा विभाग र बैंकिंग कार्यालय थापाथलीबाट लिन सकिने छ ।

(५) लिलाम हुने सामान हेर्न/बुझ्न चाहनेले कार्यालय समय विहान १०.०० बजे देखि दिउसो ४.०० बजेसम्म यस बैंकको केन्द्रीय कार्यालय, सामान्य सेवा विभागमा सम्पर्क राख्न सकिनेछ ।

(६) लिलाममा भाग लिने इच्छूक व्यक्तिले नेपाली नागरिकताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र इच्छूक फर्म वा कम्पनीले आफ्नो इजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नविकरण गरिएको) स्थाई लेखा नम्वर लिएको वा मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ ।

(७) बोलपत्र सम्वन्धी सूचना यस बैंकको वेवसाईट www.nrb.org.np मा लगअन गरी हेर्न सकिने छ ।